**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १७ सितम्बर २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- निर्वाचन आयोगले ई.वी.एम मतपत्रको स्पष्टता र पठनीयता बढाउनका लागि मतपत्रको डिजाइन र छपाईका लागि विद्यमान दिशा-निर्देशहरूमा संशोधन गरेको छ।

- राष्ट्रपति द्रौपदी मुर्मु साथै केन्द्रीय मंत्रीहरुले प्रधानमन्त्री नरेन्द्र मोदीलाई उहाँको जन्मदिनको अवसरमा शुभकामना व्यक्त गर्नुभएको छ।

- राष्ट्रिय पुरस्कार विजेता फिल्म 'चलो जीते है' आज देखि २ अक्टोबरसम्म देशभरि पुनः प्रदर्शित हुँदैछ।

- गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यापाल अनित थापाले फौलाई नपाएको बन्द चियाबगानका श्रमिकहरूलाई जीटीए चेयरम्यान रिलिफ फण्डको रहल रकम, बोनसको रूपमा वितरण गरिने बताउनु भएको छ।

- भाजपाको "सेवा पखवाडा" अन्तर्गत आज सिलगढीको विधान मार्केटमा "स्वच्छता अभियान" सम्पन्न भयो।

**निर्वाचन आयोग - ईवीएम मतपत्र**

निर्वाचन आयोगले ईवीएम मतपत्रको स्पष्टता र पठनीयता बढाउनका लागि मतपत्रको डिजाइन र छपाईका लागि विद्यमान दिशा-निर्देशहरूमा संशोधन गरेको छ। दिशानिर्देशहरू अनुसार, उम्मेदवारहरूको रंगीन फोटोहरू ईभीएम मतपत्रमा छापिनेछ र उम्मेदवारको अनुहार राम्रो दृश्यको लागि चित्रको तीन चौथाई हुनेछ। सबै उम्मेदवारहरूको नाम र नोटा एउटै फन्टमा छापिनेछ ताकि सबै नामहरू सजिलैसँग पढ्न सकियोस्। आयोगले आगामी चुनावमा अपग्रेड गरिएको ईभीएम मतपत्रको प्रयोग गरिने र यसको शुरुवात बिहारबाट हुने जानकारी दिएको छ। निर्वाचन आयोगले यस सम्बन्धमा सबै राज्यहरू र केन्द्र शासित प्रदेशहरूका मुख्य निर्वाचन अधिकारीहरूलाई पत्र लेखेको छ। आयोगले निर्देश दिएको छ - मतपत्रको एकल पानामा अधिकतम पन्ध्र उम्मेदवारको नाम व्यवस्थित गरिनेछ र प्यानलमा अन्तिम उम्मेदवारको नामको पछि नोटाको विकल्प हुनेछ।

**रक्षा मन्त्री राजनाथ सिंह- राष्ट्रिय सम्मेलन मंथन**

रक्षा मन्त्री राजनाथ सिंहले भोलि नयाँ दिल्लीमा दुई दिने राष्ट्रिय सम्मेलन मंथन २०२५ को उद्घाटन गर्नुहुनेछ यो सम्मेलन रक्षा सम्पदा महानिदेशालयद्वारा केन्द्रीय विषयवस्तु रणनीतिक रोडम्याप टु विकसित भारत @2047 मा आयोजना गरिएको छ। सम्मेलनले रक्षा भूमि प्रबन्धनको पुन: कल्पना, उन्नत डिजिटल उपकरण र तकनिकीहरूको लाभ उठाउन र शासन ढाँचा र स्थायीपनालाई सुदृढ पार्न रक्षा सम्पत्ति विभागको विकसित भूमिकामा ध्यान केन्द्रित गर्नेछ। दुई दिनको अवधिमा यस सम्मेलनमा रक्षा क्षेत्रमा भूमि प्रबन्धनको भविष्यका लागि महत्वपूर्ण विषयहरूमा वरिष्ठ सरकारी अधिकारीहरू र डोमेन विशेषज्ञहरूद्वारा अन्तर्दृष्टिपूर्ण सत्रहरू र व्याख्यानहरूको श्रृंखला हुनेछ।

**राष्ट्रपति द्रौपदी मुर्मू - प्रधानमंत्री - जन्मदिन - शुभकामना**

राष्ट्रपति द्रौपदी मुर्मुले प्रधानमन्त्री नरेन्द्र मोदीलाई जन्मदिनको अवसरमा शुभकामना व्यक्त गर्नुभएको छ। सामाजिक सञ्जालमा एक पोस्ट गर्नुहुदै राष्ट्रपति मुर्मुले भन्नुभयो, "श्री मोदीले आफ्नो असाधारण नेतृत्वमा कठोर परिश्रम गरेर देशमा महान्

लक्ष्यहरू प्राप्त गर्ने संस्कृतिको संचार गर्नुभएको छ। राष्ट्रपति मुर्मुले आज प्रधानमन्त्रीको मार्गदर्शनमा वैश्विक समुदायले गहिरो विश्वास राख्ने बताउनुभयो । राष्ट्रपति मुर्मुले प्रधानमन्त्री श्री मोदीलाई सुस्वास्थ्यको कामना संगै हार्दिक शुभकामना व्यक्त गर्नुहुदै उहाँको दूरदर्शी नेतृत्वले राष्ट्रलाई प्रगति र समृद्धिको अभूतपूर्व उचाइमा पुर्याउने विश्वास व्यक्त गर्नुभएको छ ।उपराष्ट्रपति सी.पी. राधाकृष्णन, गृहमंत्री अमित शाह ,बिहारका मुख्यमन्त्री नितिश कुमारले प्रधानमन्त्री नरेन्द्र मोदीलाई जन्मदिनको शुभकामना दिनुभएको छ ।

**राष्ट्रीय पुरस्कार प्राप्त फिल्म "चलो जीते हैं"**

राष्ट्रिय पुरस्कार विजेता फिल्म 'चलो जीते है' आज देखि २ अक्टोबरसम्म देशभरि पुनः प्रदर्शित हुँदैछ । सूचना एवं प्रसारण मन्त्रालयले यो चलचित्र स्वामी विवेकानन्दको दर्शन र विचारलाई सिनेमाई श्रद्धांजलि भएको बताउनु भएको छ। यो फिल्म देशभरिका लगभग ५ सय थिएटर र स्कूलहरुमा प्रदर्शन गरिनेछ ।

**भारतीय राष्ट्रीय राजमार्ग प्राधिकरण**

भारतीय राष्ट्रीय राजमार्ग प्राधिकरण-एनएचएआईले राजमार्ग परियोजनाहरूको गुणस्तर र समयबद्ध कार्यान्वयनमा सुधार गर्नको लागी अनुरोध प्रस्तावको प्रावधानलाई कठोर बनाएको छ।मुख्य परिवर्तनहरूमा कठोर ठेकेदार योग्यता मापदण्डहरू, समान कामको स्पष्ट परिभाषा केवल पूर्ण राजमार्ग परियोजनाहरू मात्र पूरा भएको हो, र अनुमत सीमा भन्दा बढी अनधिकृत उप-सम्झौतामा प्रतिबन्ध समावेश छ। एनएचएआईले जानकारी दिएको छ कि त्यस्ता उल्लंघनहरूलाई अब अवाञ्छित अभ्यासको रूपमा लिइनेछ र दण्ड गरिनेछ। एनएचएआईले बोलपत्रदाताहरूलाई वित्तीय जवाफदेहिता र पारदर्शिता सुनिश्चित गर्दै तेस्रो पक्षबाट प्राप्त बोलपत्र र प्रदर्शन प्रतिभूतिहरू पेश गर्न पनि प्रतिबन्ध लगाएको छ। यस कदमको उद्देश्य केवल सक्षम ठेकेदारहरूले मात्र परियोजनाहरू लिने, निरीक्षणमा सुधार गर्ने र निर्धारित समयसीमाभित्र राम्रो गुणस्तरको राष्ट्रिय राजमार्गहरू प्रदान गर्ने सुनिश्चित गर्नु रहेको छ ।

**गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन-बोनस**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यापाल अनित थापाले फौलाई नपाएको बन्द चियाबगानका श्रमिकहरूलाई जीटीए चेयरम्यान रिलिफ फण्डको रहल रकम बोनसको रूपमा वितरण गरिने बताउनु भएको छ l उहाँले भन्नुभएको छ - पहाडमा हरेक वर्ष बोनसको समय आफ्नो हक र अधिकार पाउनु श्रमिकहरुले सङ्घर्ष गर्नु पर्थ्यो। त्यो अवस्था देखेर यस पटक आफुले बोनस सम्बन्धमा सरकारलाई बुझाए पछि सरकारले २० प्रतिशत बोनसको दरले चिया श्रमिकहरुलाई बोनस वितरण गर्न सफल भएको बताउनुभएको छ ।उहाँले बन्द चिया बगानका श्रमिकहरू जो फौलाई देखि पनि वञ्चित बनेका छन् उनीहरुको निम्ति जीटीए चेयरम्यान रिलिफ फण्ड स्थापित गरेका जानकारी दिनुहुदै सामदेन् डुक्पाको नेतृत्वमा गठन गरिएको एउटा समितिले यो फण्डको देखरेख गरीरहेको बताउनुभएको छ l श्री थापाले चाडै बैठक बसेर श्रमिकहरूलाई फण्डको रहल रकम दसैं अघि नै वितरण गरिदिने अपिल गरिएको बताउनुभएको छ l

**सांसद राजु बिस्ट -भाजपा**

भाजपाको "सेवा पखवाडा" अन्तर्गत आज सिलगढीको विधान मार्केटमा "स्वच्छता अभियान" सम्पन्न भयो l यस अवसरमा दार्जिलिङका लोकसभा सांसद राजु बिस्टले हातमा झाडु लिएर स्वच्छता अभियानमा भाग लिनुभयो l उहाँले प्रधानमन्त्री श्री नरेन्द्र मोदीको ७५ औं जन्मदिन मनाउँदै, भाजपाले आजदेखि शुरुवात गरेको स्वच्छता सेवा कार्यक्रम २ अक्टोबर गान्धी जयन्तीको दिन समापन हुने बताउनु भएको छ। यस अवसरमा सिलगढी स्थित तेरापन्थ युवक परिषद द्वारा आयोजित मेगा रक्तदान शिविरको आयोजना गरियो l संसद बिस्टले भन्नुभयो – राष्ट्र प्रति निस्वार्थ समर्पणको भावनाको अवतारको रूपमा, प्रधानमन्त्री श्री मोदीको जीवन समर्पित छ l प्रधानमन्त्री श्री मोदीको जन्म दिनमा भएको यो पहलले देशका प्रत्येक नागरिकहरु लाई सचेत एव उत्जवान बनाउने छ l उहाँले यस अभियानमा दार्जिलिङ पहाड, सिलिगुडी, तराई, डुवर्स र उत्तर बंगालभरिका युवाहरूलाई परिवर्तनको लागि सामेल हुन अपील गर्नुभएको छ l

**बागडोगरा -प्रधानमंत्री नरेंद्र मोदी - 'यात्री सेवा दिवस'**

प्रधानमन्त्री नरेन्द्र मोदीको जन्मदिवसको अवसरमा आज बागडोगरा विमानस्थलमा 'यात्री सेवा दिवस' मनाइएको जानकारी प्राप्त भएको छ । यस अवसरमा स्थानीय कलाकारले सांस्कृतिक रूप दिन को लिए लोकनृत्य प्रस्तुत गरेका थिए। यसबाहेक रक्तदान शिविर, स्वास्थ्य शिविर, पर्यावरण संरक्षणका लागि वृक्षरोपण, बालबालिकाहरुका लागि देशभक्तिपूर्ण चित्रकला प्रतियोगिता आयोजना गरिएको थियो । यसका साथै नागरिक उड्डयन क्षेत्रमा रोजगारका अवसरहरूमा पनि ध्यान केन्द्रित गरिएको थियो।

**पश्चिम बंगाल -मुख्यमंत्री - विश्वकर्मा पूजा**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले विश्वकर्मा पूजाको अवसरमा सम्पूर्ण समुदायमा शुभकामना दिनुभएको छ। मुख्यमन्त्रीले यस अवसरमा यस वर्ष विश्वकर्मा पूजामा राज्य सरकारले आवकाश घोषणा गरेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो -यस पटकको यो निर्णय विशेष भएको छ किनभने यो निर्णय प्रवासी श्रमिकहरु अर्थात् परदेशमा काम गर्ने श्रमिकहरुलाई सम्मान गरेर लिइएको हो ।विश्वकर्मा पूजा मुख्यतया श्रमिक, कारीगर, तकनिकी कामदार र औद्योगिक इकाइहरूमा धूमधामका साथ मनाइन्छ।

**दार्जीलिंग -विश्वकर्म पुजा**

आज सम्पूर्ण दार्जीलिंग पहाड-तराई-डुवर्स क्षेत्रमा विश्वकर्मा पुजा भक्ति एव श्रद्धाको साथमा पालन गरिएको जानकारी प्राप्त भएको छ I यस अवसरमा मानिसहरुले फलाम तथा धातु द्वारा निर्मित सामग्रीहरुको बिधिपुर्वक पुजा पाठ गरेI आकाशवाणी खर्सांगमा पनि भक्तिभाव को साथ विश्वकर्मा पुजा पालन गरियो I

**उत्तर बंगाल -चिया बगान – वासुली**

हिज देखि उत्तर बंगालको चिया बगानमा २० प्रतिशतका दरले बोनस वितरण सुरु भए लगत्तै तृणमूल कांग्रेसको नाममा मजदुरहरूबाट जबरजस्ती असुलीको आरोपले नयाँ विवाद निम्त्याएको छ । बोनस पाएपछि थप पैसा माग्न थालेपछि असन्तुष्टि फैलिरहेको श्रमिकहरुको भनाइ छ ।तृणमूलको चिया मजदुर युनियनको केन्द्रीय समितिका अध्यक्ष नकुल सोनारले यो आरोप लगाउनु भएको छ । उहाँले संगठनले हरेक वर्ष श्रमिकहरुबाट रसिद दिएर ५० रुपियाँ 'बोनस–चन्दा ' लिने गरेको र यो कुनै नयाँ प्रथा नभएको बताउनु भएको छ ।अर्कोतिर, भारतीय जनता पार्टीसँग आबद्ध भारतीय टी वर्कर्स युनियनले तृणमूलमाथि तिखो हमला गरेको छ। संगठनका अध्यक्ष युगल झाले वासुली संगै बगान प्रबन्धन पक्षले बोनस दिन ढिलाइ गरेको आरोप लगाउनु भएको छ । उहाँले आउदो १८ सितम्बरमा श्रम विभागलाई घेराउ गरिने जानकारी दिनुभएको छ।

**भारत-बांग्लादेश सीमा - सीमा सुरक्षा बल गांजा उद्धार**

भारत–बंगलादेश सीमामा सीमा सुरक्षा बल बीएसएफ का जवानहरूले तस्करहरूको ठूलो प्रयासलाई फेरि विफल पारेको छ । यस अवधिमा बीएसएफले १७४ किलो गाँजा उद्धार गरेको छ । बीएसएफले बुधबार जारी गरेको विज्ञप्तिमा हिज राति सैनिकलाई लागु पदार्थ तस्करीको सूचना प्राप्त भए पछि टाङ्ग्रा कोलोनीको बाहिरी इलाकामा निगरानी शुरु भएको थियो । यस क्रममा ७ देखि १० जना शंकास्पद व्यक्ति टाउकोमा भारी बोकेर सीमातर्फ अघि बढेको देखिए पछि गाँजाको ठूलो खेप जफत गर्न सफल भए तथापि तस्करहरूले अँध्यारो र खराब मौसमको फाइदा उठाए भागन सफल बने । दक्षिण बङ्गाल फ्रन्टियरका जनसम्पर्क अधिकारीले सीमा क्षेत्रमा कुनै पनि प्रकारको तस्करी रोक्न शून्य सहनशीलताको नीति अपनाइएको र बीएसएफ पूर्ण रूपमा समर्पित रहेको बताएका छन्।

**सिलिगुडी -छात्राको मृत्यु**

आज  सिलिगुडी शहरको ज्योति नगर क्षेत्रमा कक्षा ६ की एक छात्रा को रहस्यमय अवस्थामा मृत्यु भएको पुलिसले जनाएको छ। सुत्र  अनुसार मंगलबार राति बाथरुममा ती छात्रा  रहस्यमय तरिकाले झुन्डिएको अवस्थामा फेला परेकी थिइन् । घटनाको सूचना पाएपछि भक्तिनगर पुलिस स्टेशनको पुलिसले  अस्पताल पुगेर  शवलाई नियन्त्रण मा लिइदै  पोस्टमार्टमका लागि उत्तर  बंगाल मेडिकल कलेज एवं अस्पतालमा पठाएको छ ।पुलिसले सम्पूर्ण घटनाबारे जाच  गरिरहेको छ ।

*********